आज मिति २०८०।०५।२१ गते बिहिबारका दिन विहानको ११:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८०/८१ को दोस्रो बैठक तपसिलको उपस्थितिमा गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा सम्पन्न भयो ।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फ़गामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठ्ठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य -सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

१) रमेश थापा, सूचना प्रविधि अधिकृत

२) धन बहादुर शर्मा आचार्य, का.स.

अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर म्याग्दी
गण्डकी प्रदेश, नेपाल।

कार्यपालिका बैठक मिति : २०८०।०५।२१ गते

समय : विहान ११:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८०।०५।१३ गते

**छलफलका एजेण्डाहरु:**

**प्रस्ताव नं. १** पूर्व निर्णयको समीक्षा सम्बन्धमा,
**प्रस्ताव नं. २** सवारी साधन (मोटरसाईकल) खरिद सम्बन्धमा,
**प्रस्ताव नं. ३** प्राविधिक समिति गठन सम्बन्धमा,
**प्रस्ताव नं. ४** प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचीकृत वेरोजगारको सूची प्रमाणित गर्ने सम्बन्धमा,
**प्रस्ताव नं. ५** बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा,
**प्रस्ताव नं. ६** बार्षिक समिक्षा र सार्वजनिक सुनुवाई सम्बन्धमा,
**प्रस्ताव नं. ७** उपभोक्ता समिति अभिमुखीकरण सम्बन्धमा,
**प्रस्ताव नं ८** सेनीटरी प्याड वितरण तथा व्यवस्थापन समितिमा सदस्य मनोनयन सम्बन्धमा
**प्रस्ताव नं ९** कृषि विकास कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८० स्वीकृत गर्ने सम्बन्धमा।
**प्रस्ताव नं १०** रैथानेबाली प्रबर्द्धन कार्यक्रम सम्बन्धमा
**प्रस्ताव नं ११** रातोपानी कुण्डलाई आय ठेक्कामा लैजाने।

भारत कुमार पुन
अध्यक्ष

निर्णय् नं १ :

कार्यपालिकाको मिति २०८०।०४।२५ को निर्णयहरु समीक्षा गरियो ।

- गाउँपालिकाको स्थानीय सडकहरुको भाडादर निर्धारण गरिकन जिल्ला प्रशासन कार्यालय स्याग्दीमा सिफारिस गरिएकोमा हालसम्म निर्धारणको निर्णय नभएको तर यातायात व्यवसायीहरुले मनलाग्दो ढंगबाट भाडा उठाई ठग्ने गरेको गुनासो आएकाले भाडादरमा एकरुपता कायम गर्नु जरुरी भएकाले पूर्व सिफारिस निर्णय अनुसारको भाडादर तत्काल कार्यन्वयन गर्ने ।
- औद्योगिक ग्राम निर्माणको लागि आवश्यक पर्ने जग्गाको थप खोजी तथा अध्ययन गर्ने र आगामी कार्यपालिका बैठकमा छलफल गर्ने ।

निर्णय नं २ :

चालु आ.व.मा गाउँसभाबाट स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत सवारी साधनको लागि रु ४०,००,०००/- बजेट विनियोजन भएकाले ८ वटा वडा कार्यालयहरुको लागि जटिल भुगोलमा समेत उपयुक्त हुने मोटरसाईकल खरिद गर्ने ।

निर्णय नं ३ :

गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८० को दफा १४ अनुसारको प्राविधिक समितिमा संयोजक र सदस्य सचिव पदेन रहने तथा आयोजना तथा कार्यक्रमसंग सम्बन्धित क्षेत्रको विषयको विज्ञ समेत आवश्यक पर्ने भएकाले उक्त विज्ञ चयन गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने ।

निर्णय नं ४:

प्रधानमन्त्री रोजगार कार्यक्रममा कार्यक्रम कार्यन्वयनको लागि बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन २०७६ को दफा ११ अनुसार ७२९ जना बेरोजगार व्यक्तिको प्राथमिकताक्रमको सूची स्थानीय निर्देशक समितिको मिति २०८०।०५।१९ गतेको बैठकबाट सिफारिस भई आएकाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २१ को उपदफा ४ बमोजिम स्वीकृत गर्ने ।

निर्णय नं ५ :

चालु आर्थिक बर्षको लागि बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गर्न मिति २०८०।०५।१९ को बहुक्षेत्रीय पोषण निर्देशक समितिको बैठकबाट सिफारिस भई आए अनुसार नै तपसिल बमोजिम कार्यन्वयन गर्ने ।

भारत कुमार पुन
अध्यक्ष

क) पोषण विशेष कार्यक्रम (स्वास्थ्य क्षेत्र) सन्चालन:

| क्र.सं. | क्षेत्र | क्रियाकलापहरु | इकाइ | प्रति इकाइ मूल्य | जम्मा रकम | श्रोत |
|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य | ६ देखि ५९ महिना सम्मका बालबालिकाको पोषण लेखाजोखा Screening महिला स्वास्थ्य स्वयमसेविका परिचालन | ७२ | ८०० | ५७६०० | नेपाल सरकार |
| | | ६ देखि ५९ महिना सम्मका बालबालिकाको पोषण लेखाजोखा Screening महिला स्वास्थ्यकर्मी परिचालन | ८ | ६३०० | ५०४०० | नेपाल सरकार |
| | | OTC को स्थापना वा सुदृढिकरण वा पोषणको लेखाजोखा तथा पालिकामा रहेका OTC हरुको संचालनका लागि स्वास्थ्यकर्मीहरु र FCHVs का लागि संचार, यातायात तथा उत्प्रेरणा खर्च | १ | २०००० | २०००० | नेपाल सरकार |
| | | २ वटा स्वास्थ्य संस्थामा पोषण कर्नरको स्थापना | २ | १५००० | ३०००० | नेपाल सरकार |
| | | २ वटा स्वास्थ्य संस्थामा स्तनपान कक्षको स्थापना | २ | १५००० | ३०००० | स्थानीय तह |
| जम्मा बजेट रु | | | | | १,८०,००० | |

भारत कुमार पुन
अध्यक्ष

ख) पोषण संवेदनशील कार्यक्रम (शिक्षा, कृषि विकास सेवा, पशु विकास सेवा, खानेपानी तथा सरसफाइ, महिला तथा बालबालिका र शासकीय प्रबन्ध क्षेत्र) संचालनः

| क्र.सं. | क्षेत्र | क्रियाकलापहरु | इकाइ | प्रति इकाइ मूल्य | जम्मा रकम | श्रोत |
|---|---|---|---|---|---|---|
| २ | शासकीय प्रबन्ध | गाँउपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति बैठक | २ पटक | २०००० | ४०,००० | नेपाल सरकार, |
| | | सबै वडामा वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन तथा नियमित बैठक | १६ पटक | २००० | ३२,००० | नेपाल सरकार, |
| | | नेपाल सरकारबाट वितरण हुने बाल पोषण अनुदानका प्रभावकारी उपयोगका सम्बन्धमा आमा तथा शिशु स्याहारकर्तालाई अभिमुखिकरण | ८ | १०००० | ७८,००० | नेपाल सरकार, |
| | | कार्यक्रमको लागि आवश्यक छपाई तथा स्टेशनरी | १ | ६००० | १०,००० | स्थानीय तह, |
| | | स्थानीय तहमा कार्यरत कर्मचारीहरुको लागि पोषण सम्बन्धी क्षमता अभिबृद्धि कार्यक्रम | १ | ३०००० | ३०००० | स्थानीय तह |
| ३ | शिक्षा | माध्यामिक विद्यालयमा पोषण शिक्षा बाल बिवाह जस्ता सामाजिक विकृती सम्बन्धी सचेतिकरण कार्यक्रम | ७ वटा | ७५०० | ४७५०० | स्थानीय तह |
| | | विद्यालय पोषण सम्बन्धी सन्देश मुलक पोष्टर टाँस गर्ने | १० | १००० | १०,००० | स्थानीय तह |
| | | दिवा खाजा संचालन विद्यालयहरुमा पोशिलो खाना बनाउन सिकाउने | १० | १८००० | १,८०,००० | स्थानीय तह |
| ४ | कृषि | एक घर एक करेसाबारी अभियान पशु विकास संचालन सहजिकरण | १ | ५०००० | ५०,००० | स्थानीय तह |
| | | एक घर एक करेसाबारी सचेतिकरण कार्यक्रम तथा प्रयोगात्मक विधि पर्दशनी | ८ | २२५०० | १,८०,००० | स्थानीय तह |

भारत कुमार पुन
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | एक घर एक करेसाबारी अभियान संचालनका लागि विउ तथा बेर्ना वितरण तथा विविध | १ | ५०००० | ५०,००० | स्थानीय तह |
| | | जैविक विषादी तथा प्रांगारिक मल उत्पादन सम्बन्धी तालिम | आवश्यकता अनुसार | | ५०,००० | स्थानीय तह |
| ५ | खानेपानी तथा सरसफाई | स्वस्थ घर घोषणा अभियान सचेतीकरण कार्यक्रम | १८ | ५००० | ९०,००० | स्थानीय तह |
| | | स्वस्थ घर घोषणा अभियान कार्यक्रमको लागि फ्लेक्स प्रिन्ट | १ | ४०००० | ४०,००० | स्थानीय तह |
| | | अनुगमन तथा मुल्याङकन | १ | | २५,००० | स्थानीय तह |
| | | पानीको गूणस्तर परीक्षण | ८ | | २४,५०० | |
| | | विद्यालय तथा स्वास्थ्य संस्थामा वास कर्नर स्थापना | २ | १४००० | २८,००० | स्थानीय तह |
| ६ | महिला तथा बालबालिका | सुनौला १००० दिनका घरपरिवारका सदस्यहरुविच पोषण व्यबहार सम्बन्धी अनुशिक्षण | १८ | २००० | ३६,००० | स्थानीय तह |
| | | बाल संजाल क्षमता विकास तालिम | २ | २०००० | ३६,००० | स्थानीय तह |
| | | किशोर किशोरीहरुलाई बालविबाह पोषण र प्रजनन् स्वास्थ्य सम्बन्धी अनुशिक्षण कार्यक्रम | १५ | ५००० | ७५,००० | स्थानीय तह |
| जम्मा बजेट रु | | | | | ११,२०,००० | |

भारत कुमार पुन
अध्यक्ष

निर्णय नं ६:

गत आर्थिक वर्षको बार्षिक समीक्षा र सार्वजनिक सुनुवाई कार्यक्रम गाउँकार्यपालिकाको कार्यालयले तय गर्ने ।

निर्णय नं ७:

वडाहरुबाट उपभोक्ता समिति गठन भइ जानकारी प्राप्त भएपश्चात उपभोक्ता समिति अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

निर्णय नं ८:

सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ को दफा १४ बमोजिम रहने स्थानीय तहस्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समितिमा मनोनयन हुने पदहरु तपसिल अनुसार मनोनयन गर्ने ।

- कार्यपालिकाको महिला सदस्य बिष्णु कुमारी गर्बुजा
- विद्यालयको सम्पर्क व्यक्ति श्री सिता विश्वकर्मा ( ज्ञान प्रकाश मा.वि, दाना) र श्री मिना खड्का (मुक्तिमार्ग मा.वि घार)

निर्णय नं ९:

गाउँपालिकाबाट विनियोजित कृषि सम्बन्धित बजेट तथा कार्यक्रम कार्यन्वयन गर्नका लागि "कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" स्वीकृत गर्ने ।

निर्णय नं १०:

संघीय सरकारको सशर्त अनुदानको रुपमा प्राप्त रैथाने बाली प्रबर्द्धन कार्यक्रम कार्यान्वयन गर्न कृषि शाखाबाट प्रस्तावित नमुना अनुसार कार्यान्वयन गर्ने । साथै कोदो, कागुनो, चिनो, उवा, फापर, जुनेली, लट्टे, तोरी गहत, जौ, गहुँ, भट्ट, सिमि र सुर्यमुखीलाई रैथानेबालीका रुपमा तोक्ने ।

निर्णय नं ११:

रातोपानी कुण्डको आय ठेक्का बन्दोबस्त गर्न प्रथम पटक सूचना प्रकाशन गर्दा कुनै पनि बोलपत्र पेश हुन नआएकाले थप एकपटकका लागि सोही सर्तमा आय ठेक्काको सूचना प्रकाशन गर्ने ।

भारत कुमार पुन
अध्यक्ष

निर्णय प्रमाणित गर्ने
नामथर: अमृत सुवेदी
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: २०८०/०४/२२

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत